

# स्वेच्छिक यौन पेशामा संलग्न व्यक्तिसँग सम्बन्धित कानूनी व्यवस्थाहरुको

# विश्लेषण तथा सुझाव

FWLD

अविभेद र समानताका लागि कार्यरत

**Disclaimer**

*The views expressed in the publication are those of author(s) and do not necessarily represent the views of UN Women and the United Nations or any of their affiliated organization.*

# धन्यबाद ज्ञापन



नेपालको संविधानको धारा १७(२)(च) ले प्रत्येक नेपाली नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था गरेको छ । यस्तै संविधानको धारा १७(१) ले कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ । नेपालको सर्वोच्च अदालतले पेशा वा व्यवसाय गर्न पाउने स्वतन्त्रतासम्बन्धी मौलिक हकको व्याख्या गर्ने सिलसिलामा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने समेत कारणबाट रोक नलगाएसम्म प्रत्येक नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको छ भनी व्याख्या गरेको छ । नेपालमा स्वेच्छिक यौन पेशालाई कुनै पनि कानुनले रोक लगाएको छैन । अतः उपरोक्त संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको निर्णयबाट नेपालमा यौन पेशा व्यक्तिको छनौट र स्वतन्त्रताको हकको अंगको रूपमा रहेको देखिन्छ ।

नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिहरूले पनि स्वेच्छिक यौन पेशालाई कानुनी दायरामा नराखी अन्य व्यक्तिको वेश्यावृत्तिको शोषणलाई नियन्त्रण गर्ने दायित्व राज्यलाई दिएको छ । नेपालले मानव बेचबिखन तथा अरूको वेश्यावृत्तिको शोषणको दमनको लागि व्यवस्था भएको महासन्धि, १९४९ लाई अनुमोदन गरेको छ । यस्तै नेपाल पक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ६ ले महासन्धिको पक्ष राष्ट्रहरूले महिलाको बेचबिखन र अन्य महिलाको वेश्यावृत्तिको शोषण लगायतका कार्यलाई दमन गर्ने कानुन बनाउनु पर्ने उत्तरदायित्व दिएको छ । नेपालले पछिल्लोपल्ट अनुमोदन गरेको अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिका बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक प्रोटोकल (पालेर्मो प्रोटोकल), २००० ले शोषणको परिभाषा भित्र अरूको वेश्यावृत्तिको शोषणलाई समावेश गरेको छ । यसरी माथि उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरूले अन्य व्यक्तिलाई प्रयोग गरी गरिने वेश्यावृत्तिलाई कानुनी रूपमा दण्डनीय बनाए पनि स्वेच्छिक यौन पेशालाई बन्देज गरेको छैन ।

सन् २०१८ मा नेपालले संयुक्त राष्ट्र संघीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (सिड कमिटी) समक्ष छैठौं आवधिक प्रतिवेदन पेश गरेको थियो । उक्त आवधिक प्रतिवेदनमाथि निष्कर्ष सुझाव दिने क्रममा समितिले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनले यौन पेशामा संलग्न महिलाहरूलाई दण्ड दिने गरेकोमा सरोकार व्यक्त गरेको थियो । त्यसैगरी कानून कार्यान्वयन गर्ने अधिकारीहरूले यौन पेशामा संलग्न महिलाहरूलाई दुर्व्यवहार र हिंसाजन्य कार्य गर्ने गरेको, कण्डम साथमा राख्नुलाई यौन पेशामा संलग्न रहेको सम्बन्धी प्रमाणको रूपमा लिइने गरेको र यौन पेशामा संलग्न महिलाहरूलाई धम्क्याउने र पक्राउ गर्ने विषयमा समेत समितिका सरोकार रहेको थियो । समितिले नेपाललाई यौन पेशामा संलग्न रहेका महिलाहरूको अनुगमन र उनीहरूको शोषणबाट कानूनी सुरक्षा सुनिश्चित गर्ने एक बृहत नीति, कानूनी र नियमनकारी संरचना निर्माण गर्ने र त्यस्तो कार्यमा संलग्न भएकै कारणले उनीहरूलाई अभियोजन नगरिने सुनिश्चितता गर्ने; यौन पेशामा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने र धम्क्याउने कानून कार्यान्वयन गर्ने अधिकारीहरूका सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने र पीडितहरूलाई लैङ्गिक संवेदनशील ढंगले सुरक्षा र सहयोग प्रदान गरिने कुराको सुनिश्चित गर्ने; यौन पेशा छोड्न चाहने महिलाहरूको लागि बहिर्गमन कार्यक्रम सुदृढ तुल्याउने सिफारिस गरेको छ ।

अतः नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिहरू, नेपालको संविधान, महिला विरुद्ध हुने भेदभाव उन्मूलन समिति लगायतका सन्धि अनुगमन समितिहरूले दिएको सिफारिसहरू समेतको आधारमा नेपालको कानुनमा स्वेच्छिक यौन पेशामा संलग्न व्यक्तिसँग सम्बन्धित कानुनी व्यवस्थाहरूको विश्लेषण गरी सुझाव दिनका लागि यो अध्ययन गरिएको हो ।

यस अध्ययन सम्पन्न गर्न आर्थिक सहयोग प्रदान गर्ने UN Women तथा फिनल्याण्ड सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनमा संलग्न अधिवक्ता सागर पाठक र अधिवक्ता कृतज्ञ राईलाई पनि धन्यवाद दिन चाहन्छु । यस्तै यस अध्ययन गर्नका लागि आवश्यक सल्लाह सुझाव दिनु हुने UN Women का श्री नवनीता सिन्हा तथा श्री रचना भट्टराईलाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस्तै अध्ययनको क्रममा सहयोग गर्नुहुने सिएसी नेपालका श्री तुलसालता अमात्य तथा ओमिता जोशीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

**अधिवक्ता सविन श्रेष्ठ**
कार्यकारी निर्देशक
महिला, कानुन र विकास मञ्च (FWLD)

# विषय सूची


**१. पृष्ठभूमि ..... १**

**२. स्वेच्छिक यौन पेशा र बलपूर्ण यौन पेशा ..... १**

**३. स्वेच्छिक यौन पेशा सम्बन्धी दृष्टिकोण ..... २**

३.१ अपराधीकरण ..... २

३.२ निरपराधिकरण ..... ३

३.३ कानूनी मान्यता ..... ३

**४. नेपालको संविधान अन्तर्गत स्वेच्छिक यौन पेशा ..... ३**

**५. अन्तर्राष्ट्रिय दस्तावेजहरू अन्तर्गत राज्यको दायित्व ..... ४**

**६. स्वेच्छिक यौन पेशासँग सम्बन्धित नेपालका कानुनहरू ..... ७**

६.१ मुलुकी ऐन, २०२० ..... ७

६.२ मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ..... ७

६.३ मुलुकी अपराध संहिता, २०७४ ..... ८

६.४ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ..... ८

**७. यौन पेशा सम्बन्धी विभिन्न देशको कानुनी व्यवस्था ..... ९**

७.१ भारत ..... ९

७.२ बंगालादेश ..... ९

७.३ पाकिस्तान ..... १०

७.४ भुटान ..... १०

७.५ अफगानिस्तान ..... १०

७.६ श्रीलंका ..... १०

७.७ स्वीडेन ..... ११

७.८ नेदरल्याण्ड ..... ११

**८. स्वेच्छिक यौन पेशा सम्बन्धी नेपालको सर्वोच्च अदालतले प्रतिपादित केही नजिरहरू ..... ११**

८.१ पीडितको पेशा र चरित्र हेरी सजाय निर्धारण गर्न नमिल्ने ..... ११

८.२ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्धको कानुन निर्माण ..... १२

८.३ मनोरञ्जन क्षेत्रमा हुने यौन उत्पीडन नियन्त्रण गर्न कानुन निर्माण ..... १२

८.४ पत्नीलाई वेश्यावृत्तिमा लगाएमा कसुर हुने ..... १३

८.५ वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणा .................................... १३

८.६ कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको .................................... १४

**९. विश्लेषण** .................................... **१४**

**१०. सुझाव** .................................... **१४**

**सन्दर्भ सामग्री** .................................... **१५**

**अनुसूची** .................................... **१६**

## १. पृष्ठभूमि

यौन पेशा प्राचीनकालमा समेत रहेको देखिन्छ । इसाई पूर्व चौथो र तेस्रो शताब्दीको बिचमा चाणक्यद्वारा लिखित अर्थशास्त्रमा यौन पेशालाई राज्यद्वारा व्यवस्थित र नियन्त्रित राजश्व अभिवृद्धि गर्ने स्रोतको रूपमा उल्लेख गरिएको छ ।[१] करणीको अपराधमा पनि यौन पेशामा संलग्न महिलाको जबरजस्ती करणी गरेकोमा १२ पणको दण्ड हुन्थ्यो भने अरूको जबर्जस्ती करणीमा १०० पण जरिवानाको व्यवस्था उल्लेख गरेको देखिन्छ । राज्यले नै वेश्यालय चलाउने कुरा पनि त्यसमा उल्लेख भएको देखिन्छ । त्यति मात्र होइन महिलाले घरमा राखेको नोकर वा आफ्ना अधिनको व्यक्तिसँग गर्ने दुराचारलाई पनि सजाय भागी बनाइने व्यवस्था थियो । राज्यले नै संचालन गर्ने यौन पेशामा संलग्न महिलालाई गणिका, आफै आफ्नो तर्फबाट यौन पेशा गर्नेलाई 'रूपजिवा' र कसैको भित्रिनी भएर बस्नेलाई 'पुसाचाली' भन्ने गरिन्थ्यो । रूपजीवाले पनि आफ्नो कमाइको ६ भागको १ भाग राज्यलाई कर तिर्नु पर्ने व्यवस्था थियो । सबैजसो नीतिकारहरुले यौन पेशाको बारेमा लेखेको देखिन्छ । नेपालमा पनि यौन पेशाको इतिहास धेरै नै लामो छ । यो धर्म, परम्परा, संस्कृति र ठालूवादको संरक्षणमा हुर्केको देखिन्छ ।

## २. स्वेच्छिक यौन पेशा र बलपूर्ण यौन पेशा

अरूको वेश्यावृत्तिको शोषणबाट प्रतिफल लिने कार्य जस्तै कुनै पनि व्यक्तिलाई वेश्यावृत्तिको उद्देश्यका लागि फकाउने वा लैजाने, अर्को व्यक्तिको वेश्यावृत्तिबाट फाइदा लिने, वेश्यालय संचालन गर्ने वा जानीजानी लगानी गर्ने वा लगानीमा सहभागी हुने, वेश्यावृत्तिको उद्देश्यको लागि स्थान भाडामा दिने वा लिने कार्य मानव बेचबिखन तथा ओसारपसार हो ।[२] यसबाट मानव बेचबिखन एवम् ओसारपसार तथा वेश्यावृत्ति एकअर्काको पर्यायवाची होइनन् भन्ने प्रष्ट हुन्छ । तर नेपालमा मानव बेचबिखन तथा ओसार-पसार कार्य (नियन्त्रण) ऐन, २०६४ ले बेचबिखन तथा वेश्यावृत्तिलाई एकै प्रकारको अपराधको रूपमा राखेको छ जबकी मानव बेचबिखन तथा वेश्यावृत्ति एउटै कुरा होइन । मानव बेचबिखन स्वेच्छिक रुपले हुँदैन । सामान्यतः मानव बेचबिखन बलपूर्ण वा छलकपट वा जालसाजीपूर्ण पीडित पक्षको सहमती विना हुन्छ । तर वेश्यावृत्ति दुई प्रकारको हुन्छः




१. https://timesofindia.indiatimes.com/blogs/emphasis/should-prostitution-be-legalized/
२. मानव बेचबिखन तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

» **स्वेच्छिक यौन पेशा :** स्वेच्छिक यौन पेशा भन्नाले व्यक्तिले बिना कुनै बाहिरी दवाव स्वेच्छिक रूपले यौन पेशालाई पेशाको रूपमा अपनाउनु हो । आर्थिक अभाव, अशिक्षा, नागरिकता विहिनता, बेरोजगारी लगायत विभिन्न कारणले आयआर्जनको विकल्पको अभाव हुँदा पनि व्यक्ति स्वेच्छिक यौन पेशामा संलग्न रहेका पाइन्छ ।

» **बलपूर्ण वेश्यावृत्ति :** बलपूर्ण वेश्यावृत्ति भन्नाले ललाई, फकाई, झुक्याई, डर त्रास देखाई, दबाबमा पारी, प्रलोभन दिई यौन पेशामा लगाउनु हो ।

नेपाली कानूनले बलपूर्वकको वेश्यावृत्तिलाई अपराधको रूपमा लिएको छ[३] भने स्वेच्छिक यौन पेशाको सम्बन्धमा कानून मौन रहेको छ । यसै सन्दर्भमा सर्वोच्च अदालतले महिला, कानून र विकास मञ्च (FWLD) को तर्फबाट सपना प्रधान मल्ल विरुद्ध श्री ५ को सरकार भएको मुद्दामा 'कानूनले मान्यता दिएको वा नदिएको जे भए पनि वेश्यावृत्ति एक प्रकारको पेशा वा व्यवसाय हो । वेश्याका सम्बन्धमा हाम्रो कानूनले कतै केही परिभाषा गरेको पाइँदैन । तापनि सामान्यतः आर्थिक लाभका लागि जुनसुकै पुरुषसँग यौन सम्पर्क राख्ने महिलालाई वेश्याको रूपमा हाम्रो समाजले स्वीकार गरेको छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोषले समेत वेश्या शब्दलाई पैसाका लागि अरूका अगाडि नाचगान गर्ने हाउभाउ, कटाक्ष आदिद्वारा परपुरुषसँग यौन सम्पर्क राख्ने पेशा, परपुरुषसँग सहवास गरेर पैसा कमाउने वृत्ति भनी परिभाषित गरेको देखिन्छ । यसरी हेर्दा वेश्यालाई पैसाको लागि नाचगान गर्नेदेखि यौन सम्पर्क (मैथुन) समेत गराउने स्त्रीको रूपमा र वेश्यावृत्तिलाई एक प्रकारको पेशा वा व्यवसायको रूपमा सामान्य अर्थ गरेको पाइन्छ । कुनै कुनै देशमा यौन पेशालाई कानूनी मान्यता दिइएको पाइन्छ भने कुनै देशमा दिइएको पाइँदैन । कानूनले मान्यता दिएको वा नदिएको जे भए पनि यौन पेशा एक प्रकारको पेशा वा व्यवसाय हो । हाम्रो संविधानको धारा १२(२)(ङ) ले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने समेत कारणबाट रोक नलगाएसम्म सम्पूर्ण नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको छ । हाम्रो संविधानको धारा १२(२)(ङ) ले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने समेत कारणबाट रोक नलगाएसम्म सम्पूर्ण नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको छ'[४] भनी स्वेच्छिक यौन पेशालाई पेशाको रूपमा मान्यता दिने व्याख्या गरेको छ ।

## ३. स्वेच्छिक यौन पेशा सम्बन्धी दृष्टिकोण[५]

स्वेच्छिक यौन पेशा सम्बन्धी विभिन्न व्यक्तिहरुको विभिन्न धारणा रहने गरेका छन् । कतिपय व्यक्तिहरूले स्वेच्छिक यौन पेशालाई अपराधिक कार्य मान्नु पर्ने मान्यता राख्दछन् भने कतिपय व्यक्तिहरूले यसलाई कानूनी मान्यता दिनु पर्ने धारणा राख्दछन् । तर पछिल्लो समयमा अधिकारवादी दृष्टिकोणबाट स्वेच्छिक यौन पेशालाई निरपराधिक कार्य मान्नुपर्ने मान्यतालाई जोड दिएको छ ।

### ३. १ अपराधीकरण

स्वेच्छिक यौन पेशालाई अपराधिक कार्यको मान्यता दिंदा यौन पेशामा संलग्न हो भन्ने आधारमा व्यक्ति-व्यक्ति बीच भेदभाव सिर्जना गर्छ । यसले यौन पेशामा संलग्न व्यक्तिलाई मात्र दोषी ठान्छ भने वास्तविक रूपमा यौन पेशामा लगाउने, बिक्री गर्ने, यौन पेशामा संलग्न गराउन ओसारपसार तथा बिक्री गर्ने भन्दा यौन पेशामा संलग्न व्यक्तिलाई सजाय गर्छ । यसले थप यौन पेशामा संलग्न व्यक्तिलाई न्यूनतम मानवीय व्यवहारबाट बहिष्कार गर्छ र उसलाई पारिवारिक जीवनको अधिकारबाट वञ्चित गर्दछ ।

---

३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४, दफा २

४. संवत् २०५८ सालको रिट नं ५६ (अप्रकाशित)

५. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी संयन्त्र तथा यसको प्रभावकारी कार्यान्वयन प्रशिक्षण पुस्तिका

### ३. २ निरपराधिकरण

स्वेच्छिक यौन पेशालाई निरपराधिकरण गर्दा यौन पेशामा संलग्न व्यक्तिलाई कानूनी दायराबाट मुक्त राख्दछ र यौन पेशामा संलग्न व्यक्तिलाई पुनःस्थापित गर्न राज्यलाई उत्तरदायी बनाउँदछ । निरपराधिकरण गर्दा दोषीलाई सजाय हुन्छ भने राज्यको संरक्षणमा यौन पेशामा संलग्न व्यक्तिलाई समाजमा पुनःएैकिकरण गर्ने बाटो खोल्दछ साथै पारिवारिक बाटो खोल्दछ ।

### ३. ३ कानूनी मान्यता

स्वेच्छिक यौन पेशालाई कानूनी मान्यता दिने हो भने राज्यले यौन बजारलाई व्यवस्थित गर्छ । राज्यको करको दायरामा यौनबजार पर्ने हुनाले यौन पेशालाई राजस्वको स्रोतको रुपमा विकास गरिन्छ । यसले यौन खरिद गर्ने व्यक्तिको अधिकारलाई अप्रत्यक्ष रुपमा संरक्षण गर्छ । यौन पेशालाई कानुनी मान्यता प्रदान गरेपछि यौन पेशाको कारणबाट हुने शोषण विरुद्धको अधिकारलाई संरक्षण गर्दछ ।

## ४. नेपालको संविधान अन्तर्गत स्वेच्छिक यौन पेशा

नेपालको संविधानले मौलिक हक एवं अन्य संविधानको प्रावधानहरू अन्तर्गत महिलाको सामाजिक आर्थिक न्यायको सुनिश्चितता गरेको छ, जुन मुख्य रुपमा यसप्रकार रहेको छः

- नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने व्यवस्था गरेको छ ।[६]
- नेपालको संविधानले प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसायका स्थापना र सञ्चालन गर्न स्वतन्त्रता प्रदान गरेको छ ।[७]
- नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने भन्ने व्यवस्था गरेको छ ।[८]
- यस्तै संविधानले राज्यले नागरिकहरुको बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएका क्षेत्र र आर्थिक रुपले विपन्न खसआर्य लगायत नागरिकका संरक्षण, सशक्तिकरण वा विकासको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने भन्ने समेत व्यवस्था गरेको छ ।[९]
- नेपालको संविधानले सम्पत्तिको हक अन्तर्गत प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।[१०]

---

६. नेपालको संविधान, धारा १६(१)
७. नेपालको संविधान, धारा १७(२)
८. नेपालको संविधान, धारा १८(१)
९. नेपालको संविधान, धारा १८(३)
१०. नेपालको संविधान, धारा २५(१)

- संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र रोजगारीका शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । यस्तै प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने व्यवस्था गरेको छ ।[११]
- नेपालको संविधानले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरेको छ।[१२] यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था समेत गरेको छ ।[१३]
- संविधानले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्ना हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिको नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ ।[१४]
- नेपालको संविधानले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी राज्यको नीति अन्तर्गत असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविको पार्जनका लागि समुचित व्यवस्था गर्दै जाने तथा जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने उल्लेख गरेको छ ।[१५]

## ५. अन्तर्राष्ट्रिय दस्तावेजहरू अन्तर्गत राज्यको दायित्व

नेपालले संयुक्त राष्ट्र संघका २२ वटा मानवअधिकारसँग सम्बन्धित महासन्धिहरू तथा अन्तर्राष्ट्रिय श्रम संगठनका ११ वटा महासन्धिहरू अनुमोदन गरेको छ । नेपाल सन्धि ऐन, २०४७ अनुसार नेपालले अनुमोदन गरेको कुनै पनि महासन्धि नेपाल कानुन सरह लागू हुने र नेपाल पक्ष भएको महासन्धिसँग बाझिने नेपाली कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरेको छ ।[१६]

नेपाल पक्ष भएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र (ICESCR) ले कामको अधिकार र आर्थिक विकासमा समावेश हुनपाउने अधिकार सुनिश्चित गरेको छ ।[१७] यसै गरी नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र (ICCPR) ले नागरिकको बाँच्न पाउने अधिकार, गैरकानुनी पक्राउ तथा थुना विरुद्धको अधिकार सुनिश्चित गरेको छ ।

नेपाल पक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) ले महिलालाई रोजगारीको अवसर, रोजगारीका शर्त, पारिश्रमिक, लाभ र छनौटमा समान अधिकार प्रदान गर्नुपर्ने लगायत आर्थिक सशक्तिकरणलाई जोड दिएको छ ।[१८] यसै महासन्धिको धारा १ मा 'महिलाविरुद्ध भेदभाव' भन्नाले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएता पनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने

११. नेपालको संविधान, धारा ३३
१२. नेपालको संविधान, धारा ३८(५)
१३. नेपालको संविधान, धारा ३८(६)
१४. नेपालको संविधान, धारा ४३
१५. नेपालको संविधान, धारा ५१(ञ)
१६. नेपाल सन्धि ऐन, २०४७, दफा ९
१७. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६, धारा २, ६, ७ र ८
१८. महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९, धारा १, ३, ११ र १५

कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ र यस्तो किसिमको भेदभाव गर्नु हुँदैन । त्यसै गरी धारा २ मा सदस्य राष्ट्रले महिला विरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन पार्ने नीति उपयुक्त तरिकाबाट अविलम्ब अपनाउनु पर्दछ । महासन्धिको धारा ६ ले पक्ष राष्ट्रहरुले महिलाको बेचबिखन तथा महिलाको वेश्यावृत्तिको शोषण लगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानून बनाउने लगायत सबै आवश्यक कदमहरु चाल्नु पर्ने कुरा उल्लेख गरेको छ ।

नेपाल पक्ष भएको मानव बेचबिखन तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धिले वेश्यावृत्ति तथा वेश्यावृत्तिको उद्देश्यका लागि मानव बेचबिखन कार्यमा सन्निहित खराबी मानवमात्रको प्रतिष्ठा तथा मूल्यसँग असंगत भएको र त्यसले व्यक्ति, परिवार तथा समुदायको कल्याणलाई नै संकटमा पार्ने भएकोले अरुको कामवासनाको तृप्तिको लागि वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई, निजको सहमति लिएरै भए पनि, कुटुनी बनाउने वा फकाउने लैजाने र अर्को व्यक्तिको सहमति लिएरै भएपनि निजको वेश्यावृत्तिको शोषण गर्ने कार्य गर्न नपाउने कुरा उल्लेख गरेको छ ।[१९] यसका साथै वेश्यालय राख्ने, सञ्चालन गर्ने वा वेश्यालयमा जानीजानी लगानी गर्ने वा लगानीमा सहभागी हुने र अरुको वेश्यावृत्तिको उद्देश्यको लागि, जानीजानी भवन वा अन्य स्थान वा सोको कुनै भाग भाडामा दिने वा लिनेलाई सजाय गर्ने कुरा उल्लेख गरेको छ ।[२०] साथै महासन्धिको धारा ३ मा राष्ट्रिय कानूनले छुट दिएको हदसम्म उल्लिखित कुनै पनि कसूर गर्ने उद्योग तथा त्यस्तो कसूर गर्ने तयारीका कार्यहरु समेत दण्डनीय हुनेछन् भनेर उल्लेख गरेको छ ।

नेपाल पक्ष भएको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गत मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक प्रोटोकल, २००० (पार्लेर्मो प्रोटोकल) ले मानव बेचबिखन तथा ओसारपसारको परिभाषा गरेको छ, जसअन्तर्गत सम्बन्धित व्यक्तिको मन्जुरी बेगर शोषणको उद्देश्यको लागि व्यक्तिको भर्ना, ओसारपसार, हस्तान्तरण, थुन्नु, प्राप्ति (लेनदेन) लाई मानव बेचबिखन तथा ओसारपसार भनी परिभाषित गरेको छ । मानव बेचबिखन तथा ओसारपसारको लागि हुने शोषणहरुभित्र अरुको वेश्यावृत्तिको शोषणसमेतलाई समावेश गरेको छ । यसर्थ, यस प्रोटोकलले अन्य व्यक्तिको वेश्यावृत्तिको लागि हुने शोषणलाई अपराधीकरण गर्नुपर्ने दायित्व राज्यलाई दिएको छ भने स्वेच्छिक यौन पेशालाई कानुनी कारवाहीको परिधिबाट बाहिर राखेको छ ।

नेपाल पक्ष भएको वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारविरुद्धको सार्क महासन्धिले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार मानवीय मूल्य र सम्मानसँग मेल नखाने तथा आधारभूत मानव अधिकारविरुद्धको अपराध हो भन्ने कुरालाई स्वीकार गरेको छ । महासन्धिले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन गर्ने, बेचबिखनका लागि कुनै ठाउँको व्यवस्था गर्ने, राख्ने, जानी जानी लगानी गर्ने वा लगानीमा भाग लिने र कुनै घर वा त्यसको भाग भाडामा दिने वा उपलब्ध गराउने तथा उल्लेखित अपराधको उद्योग गर्ने वा त्यस्तो कार्य गर्न प्रोत्साहित गर्ने वा उक्साउने कार्य समेतलाई महासन्धिका सदस्य राष्ट्रहरुले आ-आफ्नो फौज्दारी कानून अन्तर्गत कसूरको रुपमा परिभाषित गरी त्यसको गम्भिरता अनुरुपको उपयुक्त सजाँयको व्यवस्था गर्नुपर्ने दायित्व दिएको छ।

अन्तर्राष्ट्रिय श्रम संगठन, २०१९ मा कामको संसारमा हुने हिंसा तथा दुर्व्यवहार उन्मूलन सम्बन्धी महासन्धी नं.१९० पारित गरेको छ । यस महासन्धिले 'कामको संसारमा हुने हिंसा तथा दुर्व्यवहार' भन्ने शब्दावलीले अस्विकार्य व्यवहार र अभ्यास वा सो को धम्किलाई जनाउनेछ, चाहे त्यो एक पटक गरिएको होस् वा पटक-पटक होस्, जसको उद्देश्य, परिणाम वा सम्भावित परिणाम शारीरिक, मनोवैज्ञानिक, यौनिक वा आर्थिक क्षति पुऱ्याउनु लगायत लैङ्गिक हिंसा तथा दुर्व्यवहार हुन्छ भनेर परिभाषित गरेको छ भने 'लैङ्गिक हिंसा तथा दुर्व्यवहार' भन्नाले कुनै व्यक्तिहरु प्रतिलक्षित गरी

१९. मानव बेचबिखन तथा अरुको वेश्यावृतिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, धारा १
२०. मानव बेचबिखन तथा अरुको वेश्यावृतिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, धारा २

उनीहरूको लिङ्ग वा लैङ्गिक भिन्नता वा असमान रूपमा कुनै खास लिङ्ग वा लैङ्गिक भिन्नता भएको व्यक्तिलाई असर गर्ने गरी गरिने यौन दुर्व्यवहार लगायतको हिंसा तथा दुर्व्यवहारलाई जनाउनेछ भनी परिभाषित गरेको छ ।

यस महासन्धीले राष्ट्रिय कानुन र अभ्यासबाट परिभाषित गरिएका कर्मचारी लगायतका श्रमिक र अन्य व्यक्तिहरूका साथै उनीहरूको करारिय हैसियत जुनसुकै भएको भएता पनि काम गर्ने व्यक्ति, इन्टर्न र नयाँ भर्ति भएका सिकारु लगायतका तालिममा रहेका व्यक्तिहरू, रोजगारी समाप्त भएका श्रमिकहरू, स्वयंसेवक, कामको खोजिमा भएका व्यक्तिहरू र रोजगारदाताको अधिकार, कर्तव्य र जिम्मेवारी वहन गरिरहेका व्यक्तिहरू लगायत कामको संसारमा रहेका श्रमिक तथा अन्य व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्दछ । यो महासन्धी निजी वा सरकारी जुनसुकै औपचारिक वा अनौपचारिक दुवै अर्थतन्त्र र शहरी वा ग्रामिण इलाकाका सबै क्षेत्रहरूमा लागु हुन्छ । यो महासन्धी कामको संसारका साथै कामको क्रममा हुने कार्यको साथ जोडिएको वा कामबाट उत्पन्न हुने निम्न कुरासँग सम्बन्धित क्षेत्रमा हुने हिंसा तथा दुर्व्यवहारका सम्बन्धमा लागु हुन्छः

- उनीहरू रहेको काम गर्ने सार्वजनिक र निजि स्थान लगायतको कामको संसारमा,
- श्रमिकले भुक्तानी लिने, आराम गर्ने वा खाना खाने वा सरसफाई गर्ने, धुने र कपडा फेर्ने सुविधा प्रयोग गर्ने स्थानमा,
- कामसँग सम्बन्धित भ्रमण, यात्रा, तालिम, कार्यक्रमवा सामाजिक गतिविधिको समयमा,
- सूचना तथा सञ्चार प्रविधीबाट सञ्चालन नभएका लगायतका कामसँग सम्बन्धित सञ्चार मार्फत,
- रोजगारदाताले प्रदान गरेको वासस्थानमा, र
- काममा जाने र त्यहाँबाट आउने क्रममा ।

यो महासन्धीलाई अनुमोदन गर्ने राष्ट्रले कामको संसारमा हुने हिंसा तथा दुर्व्यवहारको रोकथाम र उन्मूलनको लागि राष्ट्रिय कानुन र परिस्थिति अनुसार रोजगारदाता र श्रमिकका प्रतिनिधिहरूसँगको परामर्शमा समावेशी, एकीकृत र लैङ्गिक उत्तरदायी अवधारणालाई अवलम्बन गर्नेछन् । यस्तो दृष्टिकोणले जहाँ लागु हुन्छ त्यहाँ तेस्रो पक्षहरू संलग्न हिंसा तथा दुर्व्यवहारलाई समेतलाई समेट्दछ, जसमा निम्न कुराहरू समेत पर्दछ :

- कानुनमा हिंसा तथा दुर्व्यवहार निषेध गर्ने,
- हिंसा तथा दुर्व्यवहारलाई सम्बोधन गर्ने उचित नीतिहरूको सुनिश्चितता गर्ने,
- हिंसा तथा दुर्व्यवहारको रोकथाम गर्ने र तिनको विरूद्धमा लड्ने उपायहरूलाई लागु गर्नको लागि विस्तृत रणनीतिलाई अवलम्बन गर्ने,
- प्रवर्द्धन र अनुगमन संयन्त्रहरूको स्थापना वा सुदृढीकरण गर्ने,
- पीडितहरूको लागि उपचार र सहायतामा पहुँचको सुनिश्चितता गर्ने,
- प्रतिबन्धको लागि व्यवस्था गर्ने,
- उचित पहुँच योग्य नमुना बमोजिमका साधन, सहायता, शिक्षा र तालिमको विकास गर्ने तथा चेतना फैलाउने, र
- हिंसा तथा दुर्व्यवहारको मुद्दाको निरिक्षण र अनुसन्धानको लागि श्रम निरीक्षकहरू वा अन्य अख्तियार प्राप्त निकाय लगायतको प्रभावकारी संयन्त्रको सुनिश्चितता गर्ने ।

## ६. स्वेच्छिक यौन पेशासँग सम्बन्धित नेपालका कानुनहरु

### ६. १ मुलुकी ऐन, २०२०

मुलुकी ऐन, २०२० को महल ११ मा जीउमास्ने बेच्ने सम्बन्धी कानुनी व्यवस्था रहेको थियो । यसमा कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिक्री गर्न हुँदैन भनिएको थियो। विदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजानेलाई १० वर्ष र बेचिसकेको भए २० वर्ष कैद हुने र किन्ने मानिस नेपाल सरहदभित्र फेला परे निजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुने व्यवस्था रहेको थियो । यसै गरि कसैले सोह्र वर्ष नपुगेका नाबालकलाई वा कुनै उमेरको भए पनि मगज बिग्रेका मानिसलाई कानूनी संरक्षकको मञ्जुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन हुँदैन र यस्तो कार्य गर्नेलाई पाँच सय रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । मुलुकी ऐन, २०२० मा यौन पेशालाई निषेध गर्न कानुन नभएता पनि उक्त कार्यमा संलग्न महिलालाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत पक्राउ गर्ने र थुनामा राख्ने गरी आएको थियो ।[२१]

### ६. २ मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले वेश्यावृत्तिमा लगाएको व्यक्तिलाई पीडितको रुपमा परिभाषित गरेको छ । यस ऐनको परिभाषामा 'पीडित' भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ भनिएको छ । कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, वेश्यागमन गर्नेलाई मानव बेचबिखन मानिनेछ भने वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्चम गरी, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिनलाई मानव ओसारपसार गरेको मानिनेछ । यस प्रकारको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजूर गर्न सक्नेछ र उजूर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजूर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ । यस प्रकारको कसुर गर्ने व्यक्तिलाई निम्न बमोजिम सजायको व्यवस्था गरेको छ :

» कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र रु.५०,०००/- (पचास हजार रुपैयाँ) देखि रु.१,००,०००/- (एक लाख रुपैयाँ) सम्म जरिवाना,

» वेश्यागमन गर्नेलाई एक महिनादेखि तीनमहिनासम्म कैद र रु.२,०००/- (दुई हजार रुपैयाँ) देखि रु.५,०००/- (पाँचहजार रुपैयाँ) सम्म जरिवाना ।

» किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र रु.५०,०००/- (पचास हजार रुपैयाँ) देखि रु.१,००,०००/- (एक लाख रुपैयाँ) सम्म जरिवाना र बालबालिका लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र रु.१,००,०००/- (एक लाख रुपैयाँ) देखि रु.२,००,०००/- (दुई लाख रुपैयाँ) सम्म जरिवाना ।

» नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र रु.५०,०००/- (पचास हजार रुपैयाँ) देखि रु.१,००,०००/- (एक लाख रुपैयाँ) सम्म जरिवाना र बालबालिका लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना ।

२१. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७, दफा २(ग) (सार्वजनिक स्थानमा अश्लिल बोली, बचन, इशारा प्रयोग गरी शान्ति भङ्ग गर्ने वा अश्लिल प्रदर्शन गर्ने)

- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।
- किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय, किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउन गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय, उक्त ऐन बमोजिम आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिव आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।

### ६.३ मुलुकी अपराध संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४ मा कसैले वेश्यागमनको लागि प्रचार प्रसार गर्न हुँदैन र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था रहेको छ ।[२२] यसै गरी कसैले वेश्यावृत्ति वा वेश्यागमनको लागि जानीजानी आफ्नो घर, जग्गा, सवारी साधन उपलब्ध गराउन हुँदैन ।[२३] यस्तो कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

यसरी मुलुकी अपराध संहिता, २०७४ ले वेश्यावृत्ति गर्ने व्यक्तिलाई दण्डित नगरेर वेश्यागमन गर्ने, प्रचार गर्ने र स्थान उपलब्ध गराउने व्यक्तिलाई दण्डित गरेको छ । यस्तो अवस्थामा वेश्यावृत्ति गर्ने व्यक्तिलाई अभद्र व्यवहार गरेको कसुरमा पक्राउ गर्ने र कारवाही गर्ने काम भईरहेको छ ।[२४]

### ६.४ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णताको अवस्था, व्यक्तिगत सम्बन्ध वा यस्तै अन्य कुनै आधारमा परिवार नियोजन,प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा प्राप्त गर्ने अधिकार माथि कुनै किसिमले भेदभाव गर्न पाइने छैन भनेर उल्लेख गरेको छ ।[२५] तसर्थ यौन पेशामा संलग्न रहेको कारणले गर्दा व्यक्तिलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारबाट वन्चित गर्न मिल्दैन ।

---

२२. मुलुकी अपराध संहिता, २०७४ को दफा ११९
२३. मुलुकी अपराध संहिता, २०७४ को दफा १२०
२४. मुलुकी अपराध संहिता, २०७४ को दफा ११८
२५. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, दफा २९

# ७. यौन पेशा सम्बन्धी विभिन्न देशको कानुनी व्यवस्था

## ७.१ भारत

Immoral Traffic (Prevention) Act, 1965 section 2(f) अनुसार यौन शोषण वा कुनै पनि व्यवसायिक उद्देश्यका लागि कुनै पनि व्यक्तिको दुरूपयोगलाई 'वेश्यावृत्ति' भनिन्छ । Indian Penal Code को Section 372 and 373 पनि वेश्यावृत्तिसँग सम्बन्धित छ तर यो बाल वेश्यावृत्तिमा मात्र सीमित छ । यद्यपि आईपीसीको धारा 366A, 366B, 370A अन्तर्गत क्रमशः वेश्यावृत्तिको लागि नाबालिग केटी तयार गर्ने, यौनका लागि विदेशबाट केटीको आयात र बेचबिखन भएको व्यक्तिको शोषणलाई दण्डित गरेको छ । यसरी वेश्यावृत्ति सम्बन्धी IPC कानून अन्तर्गत एकदम सीमित छ । भारतीय कानून अनुसार, वेश्यावृत्ति स्पष्ट रुपमा गैरकानूनी छैन । कानूनद्वारा वेश्यावृत्ति दण्डनीय नभए पनि वेश्यावृत्तिसँग सम्बन्धित केहि गतिविधिहरु जस्तै वेश्यालयहरु चलाउने, बेचबिखन गर्ने, ओसारपसार गर्ने लगायतका कार्यहरु भारतमा दण्डनीय अपराध हुन् ।[२६]

भारतमा विशेष गरि Immoral Traffic (Prevention) Act, 1965 ले वेश्यावृत्तिसँग सम्बन्धित विभिन्न कार्यहरूलाई गैरकानुनी मानेको छ । यो ऐनले वेश्यावृत्तिको लागि वेश्यालय सञ्चालन गर्ने वा आफ्नो सम्पत्ति वेश्यालय सञ्चालन गर्नेलाई दिने कार्यलाई समेत दण्डित गरेको छ ।[२७] यसै गरि वेश्यावृत्तिको कमाइमा जीवन बिताउने कुनै पनि अन्य व्यक्तिलाई दण्डित गर्दछ र यसले परिवारका सदस्यहरुलाई समेत समेट्दछ ।[२८] उक्त ऐनले सार्वजनिक स्थानमा वा वरपर वेश्यावृत्ति गर्दा दण्डनीय छ ।[२९] साथै यो ऐनले यौनकर्मीलाई वेश्यावृत्तिको उद्देश्यका लागि कुनै व्यक्तिलाई प्रलोभनमा पार्ने वा आग्रह गरेकोमा सजाय दिन्छ ।[३०] यस दफा अनुसार यौनकर्मीले वेश्यावृत्तिको उद्देश्यले कसैलाई बोलाउनका दिन कुनै इशारा गर्न पाउदैनन् ।

न्यायधीश नागेश्वर रावको नेतृत्वमा रहेको तीन सदस्यीय इजलासले संविधानको धारा १४२ अन्तर्गत विशेष अधिकारको प्रयोग गर्दै सर्वोच्च अदालतले यौन व्यवसायलाई पेशाका रुपमा मान्यता दिएको छ । वेश्यालयमा छापा मार्दा यौनकर्मीलाई पक्राउ गर्न वा सजाय दिन नहुने कुरा अदालतले प्रष्ट पारेको छ । साथै अदालतले आफ्नो आदेशमा वयस्क र सहमतिमा हुने यौनकर्मीको काममा हस्तक्षेप नगर्न प्रहरीलाई निर्देशन दिएको छ भने अदालतले उनीहरु माथि फौजदारी मुद्दामा कारवाही गर्न नहुने बताएको छ । सर्वोच्च अदालतले यौन व्यवसायलाई पेशाका रुपमा मान्यता दिँदै यस्तो निर्देशन जारी गरेको हो । सर्वोच्च अदालतले आफ्नो आदेशमा संविधानको मौलिक हकलाई उल्लेख गर्दै धारा २१ को उल्लेख गरेको छ ।[३१]

## ७.२ बंगलादेश

बंगलादेशको कानूनले व्यक्तिगत रुपमा यौनपेशामा संलग्न रहनुलाई कानुनी मान्यता दिएको छ भने यौन कार्यमा संलग्न गराउन वेश्यालय चलाउनुलाई गैरकानुनी मानेको छ। यस्तो विरोधाभासी कानुनले गर्दा बंगलादेशमा यौनकार्यमा संलग्न व्यक्तिहरु उत्पीडन र हिंसाको सिकार हुने गरेका छन् । बाल वेश्यावृति, बलपुर्वक यौन पेशामा संलग्न गराउनु र वेश्यालय सञ्चालन गर्नुलाई पनि गैरकानुनी मानेको छ ।[३२] बंगलादेशमा The Suppression of Immoral Traffic Act, 1993 रहेको छ जसले विशेष गरि वेश्यावृतिमा संलग्न गराउने, विक्री वितरण गर्ने र वेश्यालय संचालन गर्नेलाई गैरकानुनी मान्दै सजायको व्यवस्था गरेको छ ।

२६. Immoral Traffic (Prevention) Act, 1965 Section 3
२७. Immoral Traffic (Prevention) Act, 1965 Section 3
२८. Immoral Traffic (Prevention) Act, 1965 Section 4
२९. Immoral Traffic (Prevention) Act, 1965 Section 7
३०. Immoral Traffic (Prevention) Act, 1965 Section 8
३१. Supreme Court recognises sex work as a 'profession' - The Hindu
३२. The Penal Code, 1860 Section 372,373

Bangladesh Society for Enforcement of Human Rights (BSEHR) vs. Government of Bangladesh (2000) को मुद्दामा अदालतले जीवन र स्वतन्त्रताको संवैधानिक ग्यारेन्टी र कानूनको संरक्षण यौनकर्मीहरुमा लागू हुने र उनीहरुलाई उनीहरूको जीविकोपार्जनको अधिकार (जुन जीवनको अधिकारको 'महत्वपूर्ण पक्ष' हो) बाट स्वेच्छाचारी रूपमा वञ्चित गर्न सकिँदैन भन्ने कुरालाई समर्थन गरेको छ । वेश्यावृत्ति वा अवैध यौनसम्पर्कको उद्देश्यले १८ वर्ष मुनिका नाबालिग बालिकालाई वेश्यागृहमा राख्ने र बेच्ने कार्य क्रमशः The Suppression of Immoral Traffic Act, 1993 र The Penal Code, 1860 अन्तर्गत दण्डनीय भए पनि वेश्यावृत्तिलाई स्पष्ट रूपमा निषेध गर्ने कुनै कानुन छैन । अदालतले निमतली वेश्यालयका कैदीहरूलाई स्वेच्छाचारी रूपमा निष्कासन गर्न नसकिने र उनीहरूको संवैधानिक अधिकारको हनन हुने गरी अपमानजनक व्यवहार गर्न नसकिने ठहर गरेको छ । अदालतले वेश्यालयमा गैरकानुनी रूपमा प्रवेश गर्दा कैदीहरूको गोपनियताको अधिकार हनन हुने पनि ठहर गरेको छ ।

## ७.३ पाकिस्तान

पाकिस्तानमा वेश्यवृत्ति गैरकानूनी हो । वेश्यावृत्ति इत्यादिको लागि व्यक्ति बेच्ने - कुनै पनि व्यक्तिलाई कुनै पनि समयमा वेश्यावृत्ति वा अवैध यौनसम्पर्कको लागि काममा लगाइने वा प्रयोग गर्न वा कुनै व्यक्ति वा कुनै व्यक्तिको लागि बेच्ने, भाडामा दिन वा अन्यथा विस्थापन गर्ने मनसायले गैरकानूनी र अनैतिक उद्देश्यले वा त्यस्तो व्यक्तिलाई कुनै पनि समयमा काममा लगाइने वा त्यस्तो कामको लागि प्रयोग हुने सम्भावना रहेको थाहा पाएमा सजायको व्यवस्था गरेको छ ।[३३] पाकिस्तानको कानूनले 'अवैध सम्भोग' भन्नाले विवाहद्धारा एकताबद्ध नभएका व्यक्तिहरु बीचको यौनसम्पर्कलाई जनाउँछ ।[३४]

## ७.४ भुटान

भुटानमा वेश्यावृति गैरकानुनी हो । वेश्यावृतिसँग सम्बन्धित सम्पुर्ण कार्य जस्तै वेश्यावृति गर्नु, वेश्यावृति गराउन वेश्यालय संचालन गर्नु, मानिसको किनवेच गर्नु, ओसारपसार गर्नु लगायत कार्य गैरकानुनी हो ।[३५] यदि कसैले पैसा वा सम्पत्तिको लागि अर्को व्यक्तिसंग यौन सम्पर्कमा संलग्न रहन प्रस्ताव गर्दछ र संलग्न हुन सहमत छ भने उक्त व्यक्ति वेश्यावृत्तिको अपराधको लागि दोषी हुनेछ ।[३६]

## ७.५ अफगानिस्तान

अफगानिस्तानमा वेश्यवृतिसँग सम्बन्धित सम्पूर्ण कार्य गैरकानुनी हो भने वेश्यवृति गर्नेलाई ५ देखि १५ बर्षसम्म सजायको व्यवस्था गरेको छ ।[३७]

## ७.६ श्रीलंका

श्रीलंकामा वेश्यावृत्ति गैरकानूनी छ, र सम्बन्धित गतिविधिहरु जस्तै वेश्यवृत्ति गर्ने, वेश्यागमन गर्ने, खरिद गर्ने र वेश्यालयहरु संचालन गर्ने कार्य गैरकानूनी छन् ।[३८] वेश्यावृत्ति गराउने उद्देश्यले कोहि व्यक्तिलाई देश बाहिर लैजाने वा लैजाने प्रकृया गरेमा पनि गैरकानूनी रहेको छ ।[३९]

---

३३. Pakistan Penal Code (Act XLV of 1860) Section 371A

३४. Pakistan Penal Code (Act XLV of 1860) Section 371B

३५. Penal Code of Bhutan CHAPTER 26 - PROSTITUTION AND RELATED OFFENCES Section 374

३६. Penal Code of Bhutan CHAPTER 26 - PROSTITUTION AND RELATED OFFENCES Section 373

३७. Penal Code of Afghanistan CHAPTER 8: Adultery, Pederasty and Violation of Honor Article 472 (1)

३८. Penal Code of Srilanka, Section 360A

३९. Penal Code of Srilanka, Section 360C

श्रीलंकामा जारी गरिएको Vagrants अध्यादेश 1842 मा दुई खण्डहरू वेश्यावृत्तिसँग सम्बन्धित छन्ः

- सार्वजनिक सडकहरूमा अव्यवस्थित व्यवहार गर्ने व्यक्तिहरूलाई सजाय ।[४०]
- सार्वजनिक स्थानहरूमा कुनै पनि व्यक्तिसँग अवैध यौन सम्बन्ध वा अभद्रताको कार्यको लागि कुनै व्यक्तिलाई अनुरोध वा प्रस्ताव गर्ने कार्य ।[४१]

यसै गरी १८८९ मा पेश गरिएको वेश्यालय अध्यादेशले निम्न कार्यहरू गर्ने व्यक्तिलाई दण्ड प्रदान गर्दछ जसलेः

- वेश्यालयको व्यवस्थापनमा राख्ने वा व्यवस्थापन गर्ने वा कार्य गर्ने वा सहयोग गर्ने, वा
- कुनै परिसरको भाडामा लिने, पट्टा लिने, कब्जा गर्ने वा मालिक भएकोले, जानीजानी त्यस्तो परिसर वा त्यसको कुनै भागलाई वेश्यालयको रूपमा वा वेश्यावृत्तिको उद्देश्यको लागि प्रयोग गर्न अनुमति दिने, वा
- कुनै परिसरको भाडामा लिने वा जग्गाधनी वा त्यस्तो भाडामा लिने वा जग्गाधनीको एजेन्ट भएकोले त्यस्तो परिसर वा त्यसको कुनै भाग वेश्यालयको रूपमा प्रयोग हुने वा हुने जानकारीका साथ वा जानाजानी त्यस्तो परिसर वा त्यसको कुनै भागलाई वेश्यालयको रूपमा निरन्तर प्रयोग गर्ने ।

### ७.७ स्वीडेन

स्वीडेनमा वेश्यावृत्ति सम्बन्धी कानूनहरूले वेश्यागमन गर्ने कार्यलाई गैरकानूनी बनाएको छ, तर त्यस्ता यौन पेशा गर्ने व्यक्तिलाई गैरकानूनी बनाएको छैन ।[४२] वेश्यालय सञ्चालन गैरकानूनी छ । सन् १९९९ मा स्वीडेनमा पहिलो पटक यौनको खरिदलाई अपराधीकरण, तर यौन पेशामा संलग्न व्यक्तिलाई निरअपराधिकण गरेको थियो । त्यसबेलादेखि यो यौन पेशासँग सम्बन्धीत 'नर्डिक मोडेल' को कानून अन्य धेरै राष्ट्रहरूमा अपनाउँदै आएको छ ।

### ७.८ नेदरल्याण्ड

नेदरल्याण्डमा वेश्यावृत्ति (पैसाको लागि यौन कार्यको आदानप्रदान) कानूनी र विनियमित छ र वेश्यालय सञ्चालन गर्नु पनि कानुनी हो । तर यदि कुनै पनि व्यक्ति जानाजानी आफ्नो नाबालिग बच्चा, सौतेनी बच्चा वा आफूले पालनपोषण गरेको बच्चाको यौन दुर्व्यवहारको व्यवस्था वा प्रोत्साहन गर्दछ भने त्यस व्यक्तिलाई कानुनी कारवाही हुन्छ ।[४३] यदि कसैले वेश्यावृत्तिमा संलग्न व्यक्तिको यौन शोषण, जबरजस्ती यौन पेशामा लगाउँछ, दासत्व वा दासत्व जस्तै अभ्यासहरू गराउँछ भने त्यस्तो व्यक्तिलाई सजायको व्यवस्था रहेको छ ।[४४]

## ८. स्वेच्छिक यौन पेशा सम्बन्धी नेपालको सर्वोच्च अदालतले प्रतिपादित केही नजिरहरू

### ८.१ पीडितको पेशा र चरित्र हेरी सजाय निर्धारण गर्न नमिल्ने

जबरजस्ती करणी महलको १ नं. ले जबरजस्ती करणीको अपराधको परिभाषा गरेको र सोही महलको ३ नं. तथा ७ नं. ले सो अपराध गरेमा अपराधीले पाउने सजायको व्यवस्था गरेको छ । सो महलको ७ नं. अनुसार वेश्या स्वास्नीमानिसलाई उसको राजीखुशी विना बेमन्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी करणी गरेमा पाँच सय रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद हुने र वेश्या बाहेकका अन्य महिलालाई जबरजस्ती करणी गरेको

४०. Vagrants Ordinance 1842, Section 2
४१. Vagrants Ordinance 1842, Section 7
४२. CT: Brottsbalken, SFS (The Swedish Criminal Code) CHAPTER 6: About Sexual Offenses Section 11 A
४३. Netherlands Criminal Code, Section 250
४४. Netherlands Criminal Code, Section 273f

अवस्थामा भने सोही महलकै ३ नं अनुसार अपराधीलाई चौध वर्षमुनिको स्वास्नीमानिस भए छ वर्षदेखि दशवर्षसम्म र चौध वर्ष वा सो भन्दा माथिको स्वास्नीमानिस भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुने प्रावधान रहेको छ । यसरी महिलाको अवस्थाअनुसार अपराधीलाई फरक फरक सजाय हुने अवस्था कानूनले गरेको देखिन्छ । एउटै अपराधमा आरोपित व्यक्तिलाई पीडितको व्यक्तित्व, पेशा, सामाजिक स्थिति वा कानूनी स्थितिको आधरमा फरक सजाय गर्न मिल्दैन । कुनै पनि व्यक्तिमाथि अपराध भएको भए पनि अपराध एकै हो । यसरी संविधानको भावना र मर्म विपरित लागू भइरहेका कानूनी प्रावधान संविधानको धारा १३१ अनुसार संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निस्क्रिय हुन्छन् तापनि यो प्रावधान हालसम्म लागू भइरहेको हुनाले उक्त प्रावधानलाई सर्वोच्च अदालतको घोषणात्मक निर्णयको माध्यमद्वारा अमान्य र निस्क्रिय घोषणा गरीपाउ भन्ने समेत व्यहोराको रिट निवेदन ।

जबरजस्ती करणीको मूलतत्व जबरजस्ती डरधाक, धम्की र बल प्रयोग हो । जुनसुकै महिला उपर हुने जबरजस्ती करणीमा अपराधीको अपराधिक मनसाय (Mens Rea) र अपराधिक कार्य (Actus Reus) समान प्रकारको हुन्छ । समान प्रकारको कसूर गर्ने अपराधीलाई पीडितको चरित्र र पेशालाई आधार मानि कम र बढी सजाय गर्ने कानूनी व्यवस्थालाई संविधान एवं महिला तथा मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको भावना तथा न्यायका मान्य सिद्धान्तहरू समेतले भेदभावपूर्ण हुन्छ । तसर्थ मुलुकी ऐन जबरजस्ती करणीको ७ नं.को व्यवस्था महिला महिलाहरूबीच नै भेदभावकारी एवं असमान भएको हुँदा नेपाल अधिराज्यको संविधानको धारा १ को विपरित भई धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने ठहर्छ ।[४५]

## ८.२ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्धको कानुन निर्माण

कार्यस्थल एवं सार्वजनिक स्थलमा हुने यौन दुर्व्यवहारको नियन्त्रणका लागि यथासिघ्र कानूनी व्यवस्था गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ एवं सो सम्बन्धमा संसदबाट कानून निर्माण (Enactment) नहुँदासम्म महिलावर्गलाई कार्यस्थलमा हुने यौन दुराचारबाट संरक्षण प्रदान गरी पूर्ण लैङ्गिक न्याय (Complete Gender Justice) दिलाउनका लागि कानून सरह नै मान्य हुने गरी आवश्यक न्यायिक निर्देशनहरू (Judicial directives) जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

नेपाल कानूनमा भएका यौन दुराचार रोक्नको लागि बनेको कानूनहरू विशेषतः सार्वजनिक स्थलमा हुने यौन दुराचार रोक्ने तर्फ केन्द्रित भएको पाइन्छ । कार्यस्थलमा हुने यौन दुराचारको सम्बन्धमा उल्लिखित कानूनमा खास दृष्टि पुग्न सकेको पाइँदैन । शारीरिक, मौखिक, लिखित, आचरण जन्य यौन दुर्व्यवहारलाई समेटिने गरी विशेष गरी कार्यस्थलमा हुने यौन दुर्व्यवहारका सम्बन्धमा प्रभावकारी कानूनी व्यवस्था भएको देखिंदैन । यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सबै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी निर्देशनात्मक आदेश जारी ।[४६]

## ८.३ मनोरञ्जन क्षेत्रमा हुने यौन उत्पीडन नियन्त्रण गर्न कानुन निर्माण[४७]

क्याबिन डान्स रेष्टुरेन्ट एवं मसाज पार्लर लगायतका कार्यस्थलमा न्यूनतम कानूनी उमेर पूरा गरी वा नगरी अत्यन्त जोखिमपूर्ण अवस्थामा काम गर्न वाध्य भैरहेका हजारौ लाखौ महिला कामदारहरूलाई चरम आर्थिक, सामाजिक एवं यौन शोषण तथा लैङ्गिक विभेद र हिंसाबाट संरक्षण प्रदान गरी मर्यादित वातावरणमा काम तथा रोजगारीका अवसरहरूको उपभोग गरी सम्मानपूर्ण एव सारभूत र स्वास्थ जीवनयापन गर्न पाउने संविधान प्रदत्त मौलिक

४५. संवत् २०५८ सालको रिट नं. ५६ (अप्रकाशित)
४६. ने.का.प. २०६१, नि.नं. ७४४९, अंक १०, पृ. १३१२
४७. ने.का.प. २०६५, नि.नं. ७९९५ अंक ८, पृ. ९९९

मानवअधिकारको व्यवहारिक प्रत्याभूति गराउनका लागि संविधानको धारा २३ र ८८ (२) बमोजिम परमादेश लगायत जो चाहिने अन्य आज्ञा आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराका रिट निवेदन ।

संविधानले नागरिकलाई समानताको आधारमा सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको, रोजगारी र सामाजिक सुरक्षाको हक प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रूपमा हक प्रदान गरेको अवस्थामा डान्स तथा क्याविन रेष्टुरेन्टहरू र डान्स वारमा काम गरेको भन्दैमा त्यस ठाउँमा काम गर्ने महिलाहरू शोषित हुन नहुने, सरकारले डान्स तथा क्याविन रेष्टुरेन्ट तथा मसाज पार्लरलाई Regulate गर्ने छुट्टै र विशेष कानून निर्माण गरी अविलम्व लागु गर्नुपर्ने, कार्यपालिकाको निस्कृयताका कारण नागरिकहरूका वा समूह वा कुनै जात वा वर्गका मानिसहरू मानव अधिकारबाट वञ्चित हुनुपरेको कारण त्यस्तो हक प्रचलन गराउन अदालत सकृय हुने गरेको हो । कार्यपालिका सकृय भएमा अदालत सकृय हुनु नपर्ने, कानूनको अभावमा व्यवसायहरू मर्यादित तथा व्यवस्थित रुपमा संचालन हुन नसक्ने र महिला कामदारहरूको मौलिक हक र मानव अधिकारको संरक्षण हुन नसक्ने, सर्वोच्च अदालतलाई पूर्णरूपले न्याय गर्न उपयुक्त आदेश जारी गर्ने असाधारण अधिकार क्षेत्रको व्यवस्था गरेकोले न्याय माग्न आएका पक्षको न्यायमा पहुँच प्रभावकारी दिलाउन आवश्यक आदेश जारी गर्नु यस अदालतको अन्तरनिहित असाधारण अधिकार हुने । तसर्थ अदालतबाट श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स वार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ जारी गरिएको छ ।

## ८.४ पत्नीलाई वेश्यावृत्तिमा लगाएमा कसुर हुने[४८]

मानिस बेचबिखन गर्ने, इच्छाविपरीत जबरजस्ती यौन कार्यमा संलग्न गराउने तथा वेश्यावृत्ति गर्न बाध्य पार्ने कार्यले मानिसको सम्मानपूर्वक बाँच्न पाउने मानव अधिकारमा समेत आघात पुग्दछ । सभ्य समाजमा मानिस बेचबिखन गर्ने कार्य मानवता विरुद्धकै घृणित कार्य मानिने । मानिस बेचबिखन गर्ने कार्य आपराधिक कार्य हो र मानिस बिक्रीपश्चात् वेश्यावृत्ति गर्न बाध्यपार्नु झन् जघन्य अपराध हुने । जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ तथा ४ (ग) ले स्वास्नीमानिसलाई कुनै पनि किसिमबाट बेचबिखन गर्न र वेश्यावृत्तिमा लगाउन नपाउने गरी निषेध गरेको छ । उक्त कानूनी प्रावधानले स्वास्नीमानिसलाई बेचबिखन गरेमा वा वेश्यावृत्तिमा लगाएमा कसुर हुने स्पष्ट उल्लेख गरेको देखिँदा विधिले शासित मुलुकमा यस्ता घृणित तथा अमानवीय दूष्कार्यहरू क्षम्य हुन नसक्ने ।

## ८.५ वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणा[४९]

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले नै दफा १५ (१) (ख) मा वेश्यावृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१)(ङ)(छ) अनुसार ७ वर्षदेखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५(१)(घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । अन्य देशमा भएको कानूनी व्यवस्थालाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (decriminalization) को अभ्यास रहेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाई फकाई प्रपन्च गर्ने आफूसँग राख्नेलाई फरक कसुर मानी फरक सजाय गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको देखिन्छ ।

---

४८. ने.का.प. २०७५, नि.नं. ९९४३ अंक १

४९. ने.का.प. २०७७, नि.नं. १०६१९ अंक १२

### ८.६ कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको[५०]

गरिबी र बेरोजगारीमा रहेकाले आफैले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापी होइन र यो कानूनको मनसाय पनि होइन । कानूनले स्पष्ट रुपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको अवस्था देखिने । मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर मानवता विरूद्धको अपराधमा पीडितहरु त्रसित, कमजोर र हतोत्साही अवस्थामा रहने र एकजना पीडित बालिका नै रहेको अवस्थामा घटनाको परिस्थिति र घटनाको असरहरुमा फरक बयान नरहेको अवस्थामा पीडितहरूको बयानमा कतै घटनाको क्रमबद्धरुपमा वर्णन नभएकोले केही विरोधाभास देखिन्छ भन्ने आधारमा मात्र पीडितहरूको बयानलाई अन्यथा भन्न नमिल्ने ।

## ९. विश्लेषण

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले वेश्यावृत्तिको कारणबाट हुने शोषणलाई दण्डित गरेको छ भने स्वेच्छिक यौन पेशा सम्बन्धमा मौन रहेको छ । नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् भन्ने कुरा उल्लेख गरेको भएता पनि कानुन कार्यान्वयन गर्ने निकायले भेदभाव र अपमानजनक व्यवहार गरिरहेका छन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने भन्ने व्यवस्था गरेको छ । त्यसैगरी नेपालमा स्वेच्छिक यौन पेशा र बलपूर्ण वेश्यावृत्ति बीच फरक छुट्टाएको पाइँदैन । त्यसैगरी मनोरञ्जन तथा अतिथि सत्कार सेवासँग सम्बन्धित क्षेत्रमा गरिने कामको नियमन र उक्त क्षेत्रको अनुगमन नहुने कुरामा पनि अदालतबाट निर्देशिका जारी भएको लामो समय भएता पनि उक्त समस्या सम्बोधन गर्नलाई कानुन बनाउन अग्रसरता गरेको देखिँदैन । कानून कार्यान्वयन गर्ने अधिकारीहरुले यौन पेशामा संलग्न महिलाहरुलाई दुर्व्यवहार र हिंसाजन्य कार्य गर्ने गरेको, कण्डम साथमा राख्नुलाई यौन पेशामा संलग्न रहेको सम्बन्धी प्रमाणको रुपमा लिइने गरेको र यौन पेशामा संलग्न महिलाहरुलाई धम्क्याउने र पक्राउ गर्ने कार्य गैरकानुनी रहेको हुँदा उक्त कार्य तुरुन्त रोकी स्वतन्त्रपूर्वक जीवनयापन गर्ने हक सुरक्षित गर्नुपर्छ । अझ वेश्या भन्ने शब्द नेपालको कानुनमा प्रयोग हुँदै आएकोमा त्यसको स्थानमा ‘यौन पेशा’ भन्ने शब्दको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

## १०. सुझाव

यौन पेशामा संलग्न रहेको व्यक्तिहरु सम्बन्धी कानुनमा निम्न बमोजिम सुधार गर्न जरुरी छः

- विश्वव्यापी रुपमा उदीयमान अधिकारको बहसलाई ध्यानमा राखेर सरकारले यौन पेशामा संलग्न व्यक्तिको मानव अधिकारको सम्मान, संरक्षण, पूर्ति र प्रवर्द्धन गर्दै संविधान अन्तर्गत नागरिकको रुपमा प्रदान गरेको अधिकारलाई सुनिश्चित गर्नुपर्छ ।
- यौन पेशामा संलग्न व्यक्तिहरुको अधिकारहरु उचित रुपमा सुनिश्चित गर्न राज्य जवाफदेही हुनुपर्छ र यौन पेशामा आवद्धहरुलाई सामाजिक, राजनैतिक, नागरिक, आर्थिक र कानुनी अधिकारलाई पहाँच योग्य बनाउनु पर्छ ।
- यौन पेशामा संलग्न रहेका महिलाहरुको अनुगमन र उनीहरुको शोषणबाट कानूनी सुरक्षा सुनिश्चित गर्ने एक बृहत नीति, कानूनी र नियमनकारी संरचना निर्माण गर्नुपर्छ ।

---

५०. ने.का.प. २०७५, नि.नं. ९९५८ अंक २

- यौन पेशामा संलग्न भएकै कारणले उनीहरूलाई अभियोजन नगरिने सुनिश्चितता हुनुपर्दछ ।
- यौन पेशामा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने र धम्क्याउने कानून कार्यान्वयन गर्ने अधिकारीहरूका सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने कानुनको निर्माण र उचित कार्यान्वयन गर्नु जरूरी छ ।
- यौन पेशाका पीडितहरूलाई लैङ्गिक संवेदनशील ढङ्गले सुरक्षा र सहयोग प्रदान गरिने कुराको सुनिश्चित गर्नुपर्छ ।
- स्वेच्छिक यौन पेशा र बलपूर्वक वेश्यावृत्ति सम्बन्धी फरक कानुन निर्माण गर्न जरूरी छ ।
- यौन पेशामा संलग्न व्यक्तिलाई पक्राउ गर्ने र थुनामा राख्ने कानुनले बन्देज गरेकोमा अन्य कानुनको आधारमा पक्राउ गर्ने र थुनामा राख्ने कार्य बन्द गर्नुपर्छ ।
- यौन पेशा छोड्न चाहने व्यक्तिलाई शिक्षा र सिपमूलक तालिम प्रदान गरी वैकल्पिक व्यवसाय गर्न उत्प्रेरित गर्ने योजनाको विकास गर्नु पर्छ ।
- यौन पेशामा संलग्न व्यक्तिलाई लक्षित गरि आर्थिक सशक्तिकरण, नेतृत्व विकास लगायतका कार्यक्रम संचालन गर्नु पर्छ ।
- यौन पेशा छोड्न चाहने महिलाहरूको लागि बहिर्गमन कार्यक्रमको शुरुवात गर्नु पर्छ ।

---

## सन्दर्भ सामग्री


- अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि अन्तर्गत मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक प्रोटोकल, २००० (पार्लेमो प्रोटोकल)
- अन्तर्राष्ट्रिय श्रम संगठनको कामको संसारमा हुने हिंसा र दुर्व्यवहार विरूद्धको महासन्धि, २०१९ (महासन्धि नं. १९०)
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र,१९६६
- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७
- नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्र, १९६६
- नेपाल सन्धि ऐन, २०४७
- नेपालको संविधान, २०७२
- महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- मानव बेचबिखन तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मुलुकी ऐन, २०२०
- मुलुकी अपराध संहिता, २०७४
- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरूद्धको महासन्धि, २००२
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

## अनुसूची

**सर्वोच्च अदालत, विशेष इजलास**
**माननीय न्यायधीश श्री लक्ष्मणप्रसाद अर्याल**
**माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय**
**माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा**

**संवत् २०५८ सालको रिट नं. .... ५६**

**विषय : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरी पाउँ ।**

**निवेदक:** का.जि.का.म.न.पा.वडा नं ११ थापाथली स्थित महिला, कानून र विकास मञ्चको तर्फबाट अधिकार प्राप्त तथा आफ्नै तर्फबाट समेत ऐऐ.बस्ने वर्ष ३५ को अधिवक्ता सपना प्रधान मल्ल

**विरुद्ध**

**विपक्षी:** श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरबार समेत

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १(१) अनुसार संविधान देशको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्था छ । संविधानको भाग ३ ले नेपालका सम्पूर्ण नागरिकलाई समानताको अधिकारसाथै समान संरक्षण समेतको प्रत्याभूति दिएको छ । समानताको अधिकार कुनै पनि प्रजातान्त्रिक राष्ट्रको मूल मन्त्र तथा कानूनी राज्यको मेरुदण्ड हो । यस्तै संविधानको धारा १२(१) ले वैयक्तिक स्वतन्त्रताको हक र धारा २० ले शोषण विरुद्धको हक समेत प्रदान गरेको छ ।

हाम्रो संवैधानिक व्यवस्था मात्रै होइन कि नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले पनि समानताको अधिकार, शोषण विरुद्धको अधिकार, आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार र आत्मनिर्णयको अधिकारलाई मानवको आधारभूत अधिकारको रुपमा प्रदान गरेको छ र नेपालले बिना कुनै आरक्षण ती मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई अनुमोदन गरी तिनबाट सिर्जित दायित्वहरुलाई स्वीकार गरिसकेको छ । नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) मा नेपालले अनुमोदन गरेको सन्धिको प्रावधान प्रचलित कानूनसँग बाझिएमा सन्धि सम्झौताको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र सन्धिका प्रावधान नेपालको राष्ट्रिय कानून सरह लागू हुनेछ भनी स्पष्ट रुपमा व्यवस्था समेत गरेको छ । साथै सम्मानित सर्वोच्च अदालतबाट समेत नेपालले अनुमोदन गरेका सन्धि, महासन्धिहरु नेपाल कानून सरह लागू हुने भनी विभिन्न मुद्दाहरुमा सिद्धान्त समेत प्रतिपादित भइसकेको अवस्था छ । मानव अधिकार सबै मानवहरुको जन्मसिद्ध मौलिक अधिकार हो, जसको प्रत्याभूति प्रदान गर्नु प्रत्येक सरकारको पहिलो दायित्व हो । वेश्या पनि एउटी महिला र मानव नै हो । त्यसैले माथि उल्लेखित दस्तावेजहरु तथा नेपाल अधिराज्यको संविधानद्वारा प्रदत्त अधिकार महिला र मानव भएको नाताले वेश्या महिलाको पनि अधिकार हुन् । जबरजस्ती करणी महलको १ नं.ले जबरजस्ती करणीको अपराधको परिभाषा गरेको र सोही महलको ३ नं.तथा ७ नं.ले सो अपराध गरेमा अपराधीले पाउने सजायको व्यवस्था गरेको छ । सो महलको ७ नं.अनुसार वेश्या स्वास्नी मानिसलाई उसको राजीखुशी विना बेमन्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी करणी गरेमा पाँच सय रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद हुने र वेश्या बाहेकका अन्य महिलालाई जबरजस्ती करणी गरेका अवस्थामा भने सोही महलकै ३ नं अनुसार अपराधीलाई चौध वर्षमुनिको स्वास्नी मानिस भए छ वर्षदेखि दश वर्षसम्म र चौध वर्ष वा सोभन्दा माथिको स्वास्नी मानिस भए तीनवर्षदेखि पाँच वर्षसम्म कैद हुने प्रावधान रहेको छ ।

यसरी महिलाको अवस्था अनुसार अपराधीलाई फरक फरक सजाय हुने अवस्था कानूनले गरेको देखिन्छ । एउटै अपराधमा आरोपित व्यक्तिलाई पीडितको व्यक्तित्व, पेशा, सामाजिक स्थिति वा कानूनी स्थितिको आधरमा फरक सजाय गर्न मिल्दैन । कुनै पनि व्यक्तिमाथि अपराध भएको भए पनि अपराध एकै हो । तसर्थ एउटै अपराधमा पीडितको आधारमा फरक फरक सजायको व्यवस्था गर्नु फौज्दारी न्यायको सिद्धान्तको समेत विपरीत हुन्छ । त्यसैले राज्य निर्मित कानून स्वयंले वेश्या माथि हुने जबरजस्ती करणीलाई उत्प्रेरित गरी बलात्कारीलाई छुट र प्रोत्साहन दिइरहेको देखिन्छ । जसले गर्दा कतिपय अवस्थामा जबरजस्ती करणीबाट पीडित जुनसुकै महिलालाई पनि वेश्या भन्ने दावी गरी अभियुक्तले उन्मुक्ति लिने स्थिति आउन सक्दछ । यो कानूनी प्रावधानले महिलाको यौनिकताको अधिकार नकार्दै अपराधीलाई अत्यन्त न्यून सजाय गरेको छ । जसको कारण महिला विरुद्धको यौन शोषणलाई अझ बढावा मिल्ने देखिन्छ ।

यसरी संविधानको भावना र मर्म विपरित लागू भइरहेका कानूनी प्रावधान संविधानको धारा १३१ अनुसार संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निस्क्रिय हुन्छन् तापनि यो प्रावधान हालसम्म लागू भइरहेको हुनाले उक्त प्रावधानलाई सर्वोच्च अदालतको घोषणात्मक निर्णयको माध्यमद्वारा अमान्य र निस्क्रिय घोषणा गरी पाउन यो निवेदन गर्न आएकी छु । अतः मुलुकी ऐन २०२० को जबरजस्ती करणीको महलको ७ नं. को व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२(१) र धारा २० एवं महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धिले प्रत्याभूत गरेको समान अधिकार तथा अन्य माथि उल्लेखित अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरुद्वारा प्रदान गरिएका अधिकारहरुसँग समेत बाझिएको हुनाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १(१) र नेपाल सन्धि ऐनको दफा ९ बमोजिम अमान्य छ । अतः उक्त महलको ७ नं. संविधानसँग धारा ८८(१) बमोजिम बदर घोषित गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा निवेदकको माग बमोजिमका आदेश किन जारी हुन नपर्ने हो ? लिखित जवाफ पठाउनु भनी विपक्षीहरुको नाममा सूचना पठाउनु र लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलाशको मिति २०५/४/१७/४ को आदेश ।

रिट निवेदकले के कारण र औचित्यका आधारमा प्रतिनिधिसभा र राष्ट्रियसभालाई विपक्षी बनाउनु परेको हो ? उक्त लामो रिट निवेदनमा कहि कतै सान्दर्भिकता स्थापित गर्न सकेको देखिदैन । तसर्थ अन्य विपक्षीको तर्फबाट प्राप्त हुने जवाफबाट व्यहोरा स्पष्ट हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत एकै व्यहोराको प्रतिनिधि सभा र राष्ट्रियसभाको तर्फबाट प्राप्त छुट्टाछुट्टै लिखित जवाफ ।

मुलुकी जबरजस्ती करणीको महलको १ नं. ले जबरजस्ती करणी अपराधको परिभाषा गरि अन्य नम्बरहरुमा पीडित पक्षको उमेरको हदको आधारमा सो अपराध गर्नेलाई कम बेसी हुने गरी सजायको व्यवस्था गरेको छ । सोही अनुरुप नम्बर ७ मा बेश्या स्वास्नी मानिसलाई जबरजस्ती करणी गरेमा कम सजाय हुने व्यवस्था गरेको छ । सो व्यवस्थाले पीडित हुने स्वास्नी मानिसको चरित्रलाई आधार मानी बेश्यावृत्तिमा लागेका अवस्थाका स्वास्नी मानिसलाई जबरजस्ती करणी गरेकोमा अपराधीलाई अन्य अवस्था भन्दा कम सजाय गर्ने उद्देश्य लिएको हुँदा सो कानुनी व्यवस्थाले नारीहरु बीचमा भेदभावपूर्ण व्यवहार गरेको भनी लिएको जिकिर निराधार छ । आजको बदलिदो परिस्थिति अनुसार महिला समानताको सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय कानुनहरुमा पक्ष राष्ट्रहरुले सकारात्मक प्रतिबद्धता व्यक्त गर्दै आइरहेका र तद्अनुरुप नेपालको राष्ट्रिय कानुनले पनि सो सम्बन्धमा व्यापक परिवर्तन गर्ने क्रममा कतिपय नयाँ कानुनको निर्माण गरिसकेको र भइरहेको हुँदा कानुनी व्यवस्थामा समय सापेक्ष परिवर्तन गर्ने क्रम पनि जारी नै रहेको छ । जबरजस्ती करणीमा पीडितको उमेर र चरित्रका आधारमा अपराधीलाई यथेष्ट रुपमा सजाय गर्ने उक्त कानुनी व्यवस्था हालको परिप्रेक्ष्यमा पनि उत्तिकै प्रभावकारी रहेको हुँदा सो कानुनी व्यवस्थालाई तत्काले खारेज वा संशोधन गरिरहनु पर्ने अवस्था छैन । अतः उपर्युक्त आधारमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ७ नम्बरको उक्त व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७, नेपाल सन्धि ऐन २०४७ तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि लगायत महिला हकहित सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजले प्रदान गरेको महिला सम्बन्धी समानताको हक प्रतिकुल नभएकोले प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

मुलुकी ऐन जबरजस्ती करणीको महलको ७ नं.ले जबरजस्ती करणीको अपराधबधाट पीडित हुने स्वास्नी मानिसको चरित्रलाई आधार मानी बेश्यावृत्तिमा लागेका अवस्थाका स्वास्नी मानिसलाई जबरजस्ती करणी गरेकोमा अपराधीलाई अन्य अवस्था भन्दा कम सजाय गर्ने उद्देश्य लिएको हुँदा सो कानुनी व्यवस्थाले नारीहरू बीचमा भेदभावपूर्ण व्यवहार गरेको भनी लिएको जिकिर निराधार छ । साथै रिट निवेदकले यस सचिवालयको के कस्तो काम कारवाहीबाट निजको के कस्तो अधिकार हनन भएको हो सो कुराको स्पष्ट जिकिर नलिई सचिवालयलाई विपक्षी बनाई दिनु भएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खरोज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट निवेदिका स्वयं तथा विद्वान अधिवक्ता श्री राजु चापगाईले बेश्या महिला पनि एउटी महिला र मानव नै भएकाले मानव अधिकार सम्बन्धी विभिन्न दस्तावेज तथा नेपाल अधिराज्यको संविधान एवं अन्य विभिन्न कानुनहरूद्वारा प्रदत्त अधिकारहरू महिला तथा मानव भएको नाताले बेश्या महिलाको पनि अधिकार हो । एउटै प्रकृतिको अपराधमा पीडित महिलाको चरित्रलाई आधार मानी अपराधीलाई फरक फरक सजाय गर्ने व्यवस्था भेदभावपूर्ण छ । पीडितहरूका बीचमा वर्गीकरण गरी एउटै अपराधमा असमान व्यवस्था गर्ने कानुन प्रथम दृष्टिमा नै प्रत्यक्ष रूपमा भेदभावपूर्ण (Facial Discriminatory) छ । पीडित व्यक्तिको चरित्र जस्तो सुकै भए पनि अपराधीको अपराध गर्ने मनसाय र कार्य एकै हुन्छ । यस स्थितिमा एउटै अपराधमा पीडितको चरित्रलाई आधार मानी फरक फरक सजायको व्यवस्था गर्नु महिलाहरू बीच नै भेदभावपूर्ण हुनुको साथै सर्वममान्य फौज्दारी न्यायको सिद्धान्तको समेत विपरित छ । कुनै पनि प्रचलित नेपाल कानुनले बेश्यावृत्तिलाई अपराध मानी रोक लगाएको पनि छैन । संविधानले कानुनले रोक लगाएको अवस्थामा बाहेक कुनै पनि रोजगारी, पेशा गर्न पाउने मौलिक हक प्रदान गरेको अवस्थामा बेश्या महिलालाई अन्य महिलाहरूले पाउने अधिकारबाट बन्चित गर्नु महिला महिलाबीच भेदभाव गर्नु हो । तसर्थ मुलुकी ऐन जबरजस्ती करणीको ७ नं.को व्यवस्था संविधानले प्रदान गरेको समानताको हक तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूसँग समेत बाझिएको हुँदा अमान्य र बदर घोषित हुनु पर्दछ भनी बहस गर्नुभयो । विपक्षी श्री ५ को सरकारको तर्फबाट विद्वान नायव महान्यायधिवक्ता श्री नरेन्द्र कुमार श्रेष्ठ एवं विद्वान सहन्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले हाम्रो समाजले नै बेश्यालाई तल्लो वर्गमा राखेको छ । हाम्रो समाजमा हिन्दु धर्म र संस्कृतिमा आधारित परापूर्वदेखि चलिआएका मान्यता र प्रचलन समेतलाई कानुनको आधार बनाइएको छ । हामी कहाँ एउटी स्वास्नी मानिसले जोसुकै परपुरुषसँग यौन सम्पर्क गर्दै हिंड्नु प्रचलित मान्यता विपरित हुन्छ । एउटी स्वास्नी मानिस आफ्नो व्यवसायको रूपमा यौन समागमलाई स्वीकार गर्दछिन् भने त्यस्ती स्वास्नी मानिसको र एउटी पतिब्रता र सामाजिक मूल्य र मान्यता बोकेकी स्वास्नी मानिसलाई एउटै दाँजोमा राखेर हेर्न कदापि मिल्दैन । यहि मान्यतालाई नै आधार लिई विधायिकाले बेश्या स्वास्नी मानिसलाई जबरजस्ती करणी गरेमा जुलुमीलाई थोरै सजायको व्यवस्था गरेको हो । अपराध र अपराधिक प्रवृत्तिको मापदण्डको आधारमा नै दण्ड लगनशिलता तय गरिन्छ । त्यसकारण सबै कसूरलाई एउटै सजाय तोक्ने नै दण्डको सिद्धान्तले नै मिल्दछ न त सामाजिक मान्यतालाई नै अक्षुण राख्न मद्दत पुग्दछ । अतः जबरजस्ती करणीको ७ नं.को व्यवस्थालाई सोही महलको ३ नं.मा उल्लेखित व्यवस्थासँग एउटै कोटीमा राखेर दण्ड निर्धारण गर्न नमिल्ने देखिएकाले विधायिकाले उक्त विभेद हुने गरी दण्ड निर्धारण गरेको हुँदा संविधानसँग बाझिएकोले बदर हुनुपर्दछ भन्ने रिट निवेदकको जिकिर आधारहिन छ रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बहस गर्नुभयो ।

आज निर्णय सुनाउने भनी तारिख तोकिएकोमा दुवै तर्फका विद्वान कानुन व्यवसायीहरूको उपरोक्त बमोजिमका बहस बुँदाहरूलाई ध्यान दिँदै रिट निवेदन सहितका मिसिल संलग्न कागज उपर समेत अध्ययन गरी हेर्दा रिट निवेदनको माग बमोजिम मुलुकी ऐन जबरजस्ती करणीको महलको ७ नं.संविधानसँग बाझिएको छ, छैन र सो कानुनी प्रावधान अमान्य र बदर घोषित हुनुपर्ने हो होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा मुलुकी ऐन जबरजस्ती करणीको महलको ७ नं.नेपाल अधिराज्यको संधिवान २०४७ को धारा ११ द्वारा प्रदत्त समानताको हक एंव नेपाल पक्ष रहेको मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको समेत प्रतिकुल रहेको हुँदा संविधानको धारा १ तथा धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ । मुलुकी ऐन जबरजस्ती करणीको ७ नं.ले बेश्या स्वास्नी मानिसलाई उसको राजीखुशी बिना बेमन्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी करणी गरेमा पाँच सय रुपैयाँसम्म जरिवाना वा एक वर्ष कैदसम्म हुने व्यवस्था गरेको छ । जबकी सोही महलको ३ नं.ले जबरजस्ती करणी गर्नेलाई चौध वर्षमुनिको स्वास्नी

मानिसको भए ६ वर्षदेखि दश वर्षसम्म र चौध वर्ष वा सो भन्दा माथिको स्वास्नी मानिसको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी विद्यमान कानुनले समान प्रकृतिको अपराधबाट पीडित भए तापनि जबरजस्ती करणीमा पीडित स्वास्नी मानिसको चरित्रलाई आधार मानी अपराधीलाई फरक फरक सजाय हुन सक्ने व्यवस्था गरेको देखिन्छ ।

उल्लेखित जबरजस्ती करणीको महलको ७ नं.को व्यवस्था संविधानसँग बाझिएको छ/छैन भनी विचार गर्दा, सर्वप्रथम जबरजस्ती करणीको अपराधको सम्बन्धमा छोटो चर्चा गर्नु सान्दर्भिक हुन जान्छ । जबरजस्ती करणी गम्भीर प्रकृतिको फौज्दारी अपराध मध्येको एक प्रमुख अपराध हो । जबर्जस्ती करणी पीडित महिलाको वैयक्तिक स्वतन्त्रता र आत्मनिर्णयको अधिकारमा ठाडै आघात पार्ने अमानवीय, महिलाको मानव अधिकार विरुद्धको कार्य हो । यसले पीडित महिलाको शारीरिक, मानसिक, पारिवारिक, आध्यात्मिक जीवनमा नराम्रो असर पार्ने मात्र होइन कि महिलाको आत्मसम्मान र अस्तित्वमा नै आँच पुऱ्याउँदछ । यो अपराध पीडित महिला विरुद्धको मात्र नभई सिँगो समाज विरुद्धको अपराध हो । हत्याले मानिसको भौतिक शरीर नष्ट पारिदिन्छ तर जबरजस्ती करणीको अपराधले पीडित महिलाको शारीरिक, अध्यात्मिक र मानसिक स्थितिलाई नै क्षतविक्षत गर्दछ । त्यसैले यो एउटा निकृष्ट अपराध हो । जुनसुकै देशको कानूनले पनि जबरजस्ती करणीलाई गम्भीर फौज्दारी अपराध मानी सजायको व्यवस्था गरेको हुन्छ । हाम्रो देशमा पनि यसलाई एक सँगीन फौज्दारी अपराध मानी अपराधीलाई सजायको व्यवस्था गरेको छ ।

हाम्रो देशको कानून अनुसार जबर्जस्ती करणी सामान्यतः महिला विरुद्ध हुने अपराध हो । यस अपराधबाट पीडित महिलाले सहनु पर्ने शारीरिक तथा मानसिक आघात समान प्रकृतिको हुन्छ, चाहे त्यो महिला विवाहित होस् वा अविवाहित, बालिका होस् वा वृद्धा अथवा चाहे त्यो महिला वेश्या नै किन नहोस् । वेश्या पनि महिला साथ साथै मानव पनि हुन् । मानव भएका नाताले मानवले प्राप्त गर्ने सबै हक अधिकारहरू मानव रहुन्जेलसम्म निजहरूलाई पनि प्राप्त हुने हुन्छन् । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १ ले मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको घोषणा गरेको छ । त्यस्तै मानव परिवारका सबै सदस्यहरू कानून समक्ष समान हुने र विना भेदभाव सबै कानूनको संरक्षणको हकदार हुन्छन् । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १ मा सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको धारा ६ ले राज्यलाई महिला विरुद्ध प्रचलित जीउ मास्ने बेच्ने र वेश्यावृत्ति लगायतका सम्पूर्ण खाले शोषण अन्त्य गर्नका लागि पर्याप्त र हरसम्भव उपायहरू अवलम्बन गर्नुपर्ने दायित्व तोकेको पाइन्छ । आत्मसम्मान, आत्मनिर्णय र स्वतन्त्र अस्तित्वका यि अधिकारहरू मानव मात्रलाई अविभाज्य रुपमा प्राप्त हुने भएकाले वेश्या महिलाले पनि ती अधिकारको प्रयोग गर्न पाउने हुन्छन् । महिलालाई आफनो अंग आफ्नो स्वीकृति बेगर प्रयोग गर्न दिन बाध्य पारिनु निजको सम्मानपूर्वक जीउन पाउने अधिकार र आत्मनिर्णयको अधिकार माथि कुठाराघात पुऱ्याउनु हुन जान्छ, महिलाको मानव अधिकारको अपमान गर्नु हुन जान्छ, चाहे त्यो महिला वेश्या नै किन नहोस् ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) ले कानूनको समान संरक्षणबाट कसैलाई वन्चित नगरिने अभेदभावको सिद्धान्त (Theory of Non-discrimination) लाई अंगिकार गरेको छ । यद्यपि समानता भनेको समानहरु बीच हुने हो । असमानहरू बीच जुनसुकै अवस्थामा समान व्यवहार हुनु पर्दछ भन्ने होइन । अवस्था र परिस्थिति अनुसार कहिले काहीं भेदभाव हुने गरी वर्गीकरण (Classification) गर्न सकिन्छ तर त्यस्तो वर्गीकरण उचित र तर्कसँगत हुनुपर्दछ । धारा ११(३) ले सकारात्मक भेदभाव (Positive discrimination) गर्न सकिने व्यवस्था गरे तापनि नकारात्मक भेदभाव (Negative Discrimination) को परिकल्पना गरेको छैन । तसर्थ **हाम्रो देशको संविधानले वेश्या स्वास्नी मानिसहरूको सम्बन्धमा कुनै प्रकारको भेदभाव गरेको अवस्था छ भनी मान सकिदैन । संविधानले नै यस्तो भेदभाव नगरेको अवस्थामा कानून वेश्या महिला र अन्य महिलाहरू बीच वर्गीकरण गरी असमान रुपमा गरेको भेदभावमा व्यवस्थालाई उचित र तर्कसँगत मान्न समेत मिल्दैन । यसका अतिरिक्त उल्लेखित महिला तथा मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले समेत सम्पूर्ण महिला तथा मानवहरूलाई समान रुपमा अधिकारको प्रत्याभूति गरेको र ती महासन्धिहरूको नेपाल समेत पक्ष भएको अवस्थामा तिनबाट उत्पन्न**

दायित्वहरू समेत पूरा गर्नु आवश्यक हुन्छ । सन्धि ऐन, २०४७ को दफा ९ ले समेत नेपाल पक्ष भएका सन्धि सम्झौताहरूलाई राष्ट्रिय कानून सरह मान्यता प्रदान गरेको पाइन्छ ।

वेश्याका सम्बन्धमा हाम्रो कानूनले कतै केही परिभाषा गरेको पाइँदैन । तापनि सामान्यत: आर्थिक लाभका लागि जुनसुकै पुरुषसँग यौन सम्पर्क राख्ने महिलालाई वेश्याको रुपमा हाम्रो समाजले स्वीकार गरेको छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोषले समेत वेश्या शब्दलाई पैसाका लागि अरुका अगाडि नाचगान गर्ने हाउभाउ, कटाक्ष आदिद्वारा परपुरुषसँग यौन सम्पर्क राख्ने पेशा, परपुरुषसँग सहवास गरेर पैसा कमाउने वृत्ति भनी परिभाषित बनेको देखिन्छ । यसरी हेर्दा वेश्यालाई पैसाको लागि नाचगान गर्ने देखि यौन सम्पर्क (मैथुन) समेत गराउने स्त्रीको रुपमा र वेश्यावृत्तिलाई एक प्रकारको पेशा वा व्यवसायको रुपमा सामान्य अर्थ गरेको पाइन्छ । कुनै कुनै देशमा वेश्यावृत्तिलाई कानूनी मान्यता दिइएको पाइन्छ भने कुनै देशमा दिइएको पाइँदैन । कानूनले मान्यता दिएको वा नदिएको जे भए पनि वेश्यावृत्ति एक प्रकारको पेशा वा व्यवसाय हो । हाम्रो संविधानको धारा १२(२)(ङ) ले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने समेत कारणबाट रोक नलगाएसम्म सम्पूर्ण नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता प्रदान गरेको छ । कानूनमा भएको वेश्या विरुद्ध जबरजस्ती करणी गर्ने अपराधीलाई कम सजाय गर्ने प्रावधानबाट बेश्याहरूलाई विना उचित आधार तल्लो दर्जाको महिलाको रुपमा राखी भेदभाव गरिएको देखिन आउँदछ । नागरिकहरूबीच यस प्रकारको असमान एवं भेदभावयुक्त व्यवहार हुने कानून निर्माण एवं लागू हुनु संवैधानिक मर्म अनुरुप हुँदैन । कुनै व्यवसाय अपनाएको आधारमा मात्र र कसैको चरित्रलाई आधार मानी त्यस्तो व्यक्ति विरुद्ध भएको कुनै प्रकारको अपराधमा अपराधीले पाउने सजायमा भिन्नता हुनुपर्दछ भनी मान्नु युक्तिसँगत हुँदैन । यदि त्यस्तो भेदभावयुक्त कानूनी व्यवस्था कायम राखिएमा यसबाट वेश्या वर्ग प्रति बलात्कार गर्ने कार्यलाई प्रोत्साहन मिल्न जान्छ । यस्तो सँगीन फौज्दारी अपराध गर्न प्रोत्साहन मिल्ने कानूनी व्यवस्था कायम राख्नु समेत युक्तिसँगत हुँदैन ।

जबरजस्ती करणीको मूल तत्व जबरजस्ती डरधाक, धम्की र बल प्रयोग हो । जुनसुकै महिला उपर हुने जबरजस्ती करणीमा अपराधीको अपराधिक मनसाय (Mens Rea) र अपराधिक कार्य (Actus Reus) समान प्रकारको हुन्छ । समान प्रकारको कसूर गर्ने अपराधीलाई पीडितको चरित्र र पेशालाई आधारमानी कम र बढी सजाय गर्ने कानूनी व्यवस्थालाई संविधान एवं महिला तथा मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको भावना तथा न्यायका मान्य सिद्धान्तहरू समेतले भेदभावपूर्ण हुन्छ । तसर्थ मुलुकी ऐन जबरजस्ती करणीको ७ नं. को व्यवस्था महिला महिलाहरूबीच नै भेदभावकारी एवं असमान भएको हुँदा नेपाल अधिराज्यको संविधानको धारा १ को विपरित भई धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने ठहर्छ । आदेशको जानकारी महान्यायधिवक्तको कार्यालय मार्फत विपक्षीहरुलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश लक्ष्मण प्रसाद अर्याल

उपयुक्त रायमा सहमत छौं ।
मा.न्या.कृष्ण कुमार बर्मा
मा.न्या.केदार नाथ उपाध्याय

इति सम्वत् २०५९ साल बैशाख १९ गते रोज ५ शुभम् .।

FWLD

अविभेद र समानताका लागि कार्यरत

CAC-Nepal
1993

माइती नेपाल • Maiti Nepal